# दुई शब्द

हाल नेपालमा २१७ वटा नगरपालिकाहरु छन् । ती मध्ये नया भवनहरुको नक्शा पास गर्दा लागू हुने भवन नियमावली केही नगरपालिकाहरुमा मात्र तर्जुमा भएको अवस्था छ । तिनमा पनि भवन निर्माण मापदण्ड, भवन नियमावली, भवन संहिताको कार्यान्वयनमा एक रुपता भएको देखिंदैन । यसबाट अधिकांश नगरपालिकाहरुमा मापदण्ड नभएको र भएकामा पनि मापदण्ड अपर्याप्त वा नमिलेको अवस्थामा रहेको देखिन्छ । भौतिक विकास, योजना, मापदण्ड तथा नियमावलीको कार्यान्वयनको अभावमा यस्ता नगरपालिकाहरुमा भैरहेको द्रुततर सहरीकरणले अन्तमा अस्तव्यस्त तथा खतरापूर्ण अवस्था ल्याउने देखिन्छ । तसर्थ यस्ता नगरपालिकाहरुमा सहरीकरण प्रकृयालाई निर्दिष्ट तथा नियमन् गरी स्वच्छ, स्वस्थ, दिगो, सुरक्षित तथा बस्न उपयुक्त शहरी वातावरण निर्माण गर्नको लागि वैज्ञानिक आधारमा तयार गरिएका भवन निर्माण मापदण्डको आवश्यकता महसुश भएको हो । नेपाल सरकार (माननीय मन्त्री स्तरको) मिति २०७२/४/२९ को निर्णयानुसार स्वीकृत बस्ती बिकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ जारी गरी संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयद्वारा निर्देशन भए बमोजिम उक्त आधारभूत मार्गदर्शन, २०७२ समेतलाई आधार मानि यस नगरपालिकाले सैनामैना भवन निर्माण मापदण्ड २०७२ तर्जुमा गरेको छ । ब्यवस्थित सहरीकरण तथा घर निर्माण गरेर सुरक्षित र सुन्दर शहरको निर्माण गर्न यस मापदण्डले योगदान पुर्याउने अपेक्षा गरिएको छ । यसले ब्यवस्थित र योजनाबद्ध शहरीकरणको लागि आवश्यक निर्देशन तथा मार्गदर्शन गर्नेछ । यस मापदण्ड तयार गर्न मार्गदर्शन गर्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय यस कार्यालयका प्राविधिक कर्मचारीहरु ई. सुरज न्यौपाने, ई. आभा श्रेष्ठ, ई. श्रीनिवास यादव, सव ई. अरुण खनाल, सव ई. प्रदिप गिरी लगायत सहयोग र सल्लाह दिने सबैलाई नगरपालिका हार्दिक धन्यवाद ब्यक्त गर्दछ ।

**सैनामैना नगरपालिका कार्यालय**
बुद्धनगर,रुपन्देही

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | प्रारम्भिक | १ |
| २ | संक्षिप्त नाम र प्रारम्भ | १ |
| ३ | परिभाषा | १ |
| ४ | भवन मापदण्डको ब्याख्या | ८ |
| ५ | भवन मापदण्डको संशोधन | ८ |
| ६ | अधिकार प्रत्यायोजन | ८ |
| ७ | मापदण्ड मूल्याङ्कन तथा अनुगमन समिति | ८ |
| ८ | अधिकार क्षेत्र | ८ |
| ९ | विकास | ९ |
| १० | योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डहरु | ९ |
| ११ | भवन निर्माण अनुमति (नक्सा पास) प्राप्त गर्ने कार्यविधि | १५ |
| १२ | नक्शा र प्लानहरु | १६ |
| १३ | नक्शा पास सम्बन्धी अन्य ब्यवस्था | १९ |
| १४ | स्वीकृति दिने | २० |
| १५ | निर्माण कार्य गर्दा अपनाउनु पर्ने कार्य विधिहरु | २१ |
| १६ | कार्य सम्पन्न भएको सूचना | २१ |
| १७ | नगरको ढल प्रणाली/पानीको मेन लाइनमा जडान गर्ने | २२ |
| १८ | भवन निर्माण सम्पन्न प्रतिवेदन नभएका भवनहरु सार्वजनिक प्रयोजनमा भाडामा लिन नपाईने | २२ |
| १९ | निर्माण मापदण्ड तथा भवन संहिता बिपरित नक्शा निर्माण, स्टक्चरल डिजाइन र सिफारिस गर्न प्रतिबन्ध | २२ |
| २० | संस्थागत भवन एवं बढी क्षेत्रफल भएका भवन निर्माणको अनुमति दिन सिफारिस आवश्यक पर्ने | २३ |
| २१ | संस्थागत भवन तथा बढी क्षेत्रफल भएका भवन निर्माणको अनुमति दिंदा तेस्रो पक्ष जाँच | २३ |
| २२ | भवन निर्माणको आंशिक अनुमती | २३ |
| २३ | भवन निर्माणको आंशिक निर्माण सम्पन्न प्रतिबेदन | २४ |
| २४ | भू-उपयोग योजना कार्यान्वयन | २४ |
| २५ | जोखीमयुक्त संरचना तथा पर्खाल भत्काउने | २४ |
| २६ | भवन संहिता तथा मापदण्ड पालना नगरी निर्माण गर्ने पदाधिकारीलाई कार्वाही गर्ने | २४ |
| २७ | सडकको क्षेत्राधिकार भित्र बनेका गैर कानुनी संरचनाहरु हटाउने/नक्शापास नगर्ने | २४ |

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| २८ | भवन निर्माणमा बन्देज | २५ |
| २९ | खुल्ला क्षेत्र सम्बन्धी व्यवस्था | २५ |
| ३० | भू-उपयोग क्षेत्र निर्धारण | २५ |
| ३१ | भवन निर्माणमा नियन्त्रणको व्यवस्था | २५ |
| ३२ | पार्किङ मापदण्ड | २५ |
| ३३ | विशेष उपयोगका क्षेत्रहरु | २५ |
| ३४ | गैर आवासीय उपयोग क्षेत्र | २८ |
| ३५ | बस टर्मीनल | २९ |
| ३६ | सरकारी कार्यालयहरु, एकीकृत कार्यलय कम्प्लेक्स | २९ |
| ३७ | स्वास्थ्य संस्थाहरु | २९ |
| ३८ | शैक्षिक संस्थाहरु | ३० |
| ३९ | अडिटोरियम/सामुदायिक हल | ३१ |
| ४० | धार्मिक स्थलहरु | ३१ |
| ४१ | सुरक्षा सम्बन्धी सेवाहरु | ३१ |
| ४२ | सार्वजनिक तथा अर्ध सार्वजनिक क्षेत्रहरु | ३२ |
| ४३ | लागू हुन सकिने | ३२ |
| ४४ | सम्पदा भवनहरुमा धनीहरुको जवाफदेहिता | ३२ |
| ४५ | विकास/पुनर्विकास/मर्मत आदि कार्यमा रोक | ३२ |
| ४६ | सडक चौडाइ | ३३ |
| ४७ | खोला/नदी, कुलो , ताल किनारामा निर्माण गर्ने सम्बन्धमा | ३३ |
| ४८ | बिद्युत प्रसारण लाइनको नजिकमा निर्माण गर्ने सम्बन्धमा | ३३ |
| ४९ | साइड मार्जिन राख्ने सम्बन्धमा | ३३ |
| ५० | अग्नी सुरक्षा सम्बन्धी प्रावधानहरु | ३३ |
| ५१ | घरनक्शा नियमित सम्बन्धि बिशेष ब्यवस्था | ३९ |
| ५२ | तला थप इजाजत सम्बन्धि ब्यवस्था | ४० |
| ५३ | पालना गर्नु पर्ने | ४१ |
|  | अनुसूची | ४१ |

५१.४ यस अघि साबिक गा.बि.स वा नगरपालिकामा घरनक्शा पासको लागि निबेदन दर्ता भएकाहरुलाई तत्कालिन अवस्थाको मापदण्ड पालना गरि स्वीकृत नक्शा बमोजिम नै स्ट्रक्चर निर्माण गरेमा बिना जरिवाना पानी, बिद्युत सिफारिस तथा नक्शा नियमित गरिनेछ। अन्यथा तोकिएको जरिवाना लिई पानी, बिद्युत सिफारिस तथा नक्शा नियमित गरिनेछ।

५१.५ घरनक्शा नियमित गर्दा नगरपालिका क्षेत्रभित्रका सडकहरुमा (पूर्व पश्चिम लोकमार्ग बाहेक) यदि घरको छज्जा वा पेटी मात्र हाल कायम भएको बाटोको क्षेत्राधिकार भित्र परेमा तथा त्यस्ता संरचनाको कारणले तत्काल सार्बजनिक आवागमनमा असर नपर्ने देखिएमा उक्त छज्जा, पेटी नगरपालिका वा सम्बन्धित निकायबाट भत्काउन आदेश दिएका बखत घरधनि आफैले भत्काउने कबुलियतनामा गरेमा मात्र घरनक्शा नियमित गरिनेछ। तर सडक क्षेत्राधिकार भित्र Structural component (Wall, Pillar etc) परेमा घरनक्शा नियमित गरिने छैन। तर तत्कालिन अवस्थामा साबिक गा.बि.स वा नगरपालिकाले कायम गरेको सडक मापदण्ड पालना गरि स्वीकृत नक्शा बमोजिम निर्माण भएका घरहरुको हकमा हाल कायम भएको सडक क्षेत्राधिकार भित्र परेका घर नगरपालिका वा सम्बन्धित निकायबाट भत्काउन आदेश दिएका बखत घरधनि आफैले भत्काउने कबुलियतनामा गरेमा मात्र घरनक्शा नियमित गरिनेछ।

५१.६ घरनक्शा नियमित गर्दा फिल्ड नक्शामा कायम रहेको सार्बजनिक क्षेत्र (कुलो, खोला, खोल्सा, बाटो जंगल आदी) रहेको क्षेत्र मिचेर बनाईएको घरको घरनक्शा नियमित गरिने छैन। तर त्यस्ता सार्बजनिक क्षेत्रको सट्टामा हाल प्रयोजन परिवर्तन गरि सार्बजनिक रुपमै प्रयोग गरिएको देखिएमा र नगरपालिकाबाट अनुगमन गर्दा त्यस्ता क्षेत्रको तत्काल उपयोगिता नदेखिएमा घरनक्शा नियमित गर्न बाधा पर्ने छैन।

५१.७ घरनक्शा नियमित गर्दा पूर्व पश्चिम लोकमार्ग मोहोडामा रहेका घरहरुको सडक क्षेत्राधिकार (केन्द्र रेखा देखि ८२ फिट) भित्र छज्जा (झाप), पेटी आदी परेमा उक्त घरहरुको नक्शा नियमित गरिने छैन। उक्त सडक क्षेत्राधिकार भित्र पर्ने भाग भत्काई आएमा घरनक्शा नियमित गर्न सकिनेछ तर लोकमार्ग मोहोडामा अन्य क्षेत्रमा जस्तो कबुलियतनामा गरि नक्शा नियमित गर्न सकिने छैन।

५१.८ पुरानो घरको घरनक्शा पेश गर्दा एक प्रति फोटो सहित पेश गर्नुपर्नेछ।

## ५२. तला थप इजाजत सम्बन्धि ब्यवस्था

५२.१ पुराना घरहरुको हकमा

क) ९"x९" पिलर भएका (यसअघि निर्माण सम्पन्न भई धुरीकर तिरी आएका, साबिक गा.बि.स वा न.पा मा घरनक्शा दर्ता भएका वा नभएका घरहरुका लागि नेपाल इन्जिनियरिङ्ग काउन्सीलमा दर्ता भएका सिभिल इन्जिनियरबाट सो भवन तला थप गर्न उपयुक्त छ भनि प्रमाणित गरेमा मात्रै हल्का छानो (जस्ता पाता आदीको) लागि १ तला थप गर्न अनुमति प्रदान गर्न सकिनेछ। तर प्लिन्थ क्षेत्रफल १००० ब.फि भन्दा माथि भएमा पहिलो तलामा क्षेत्रफल घटाई ९९९ ब.फि भन्दा कम गर्नुपर्नेछ।

